(आ.व. २०८१।८२, चौधौं बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/०३/०८ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

***निर्णयहरु:***

१ यसअघिका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो ।

२ आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट, नीति तथा कार्यक्रम टेबल भई छलफल भयो । उक्त बजेट, नीति तथा कार्यक्रम सर्वसम्मतीले पास गरी आगामी सत्रौं नगरसभामा पेश गर्ने ।

३ चालु आर्थिक वर्ष बजेट योजना तर्जुमा समितिले स्वीकृत गरी पेश गरेको वार्षिक बजेट टेवल भई छलफल भयो । उक्त बजेट सर्वसम्मतीले पास गरी आगामी सत्रौं नगरसभामा पेश गर्ने ।

४ आर्थिक वर्ष २०८०/०८१ मा महालेखा परिक्षकले सम्पन्न गंरेको अन्तिम लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी उक्त प्रतिवेदनमा नियमित गर्नुपर्ने भनी औल्याइएको अनुसूचि १ बमोजिमको रु १,७१,९३,०००।- (अक्षेरुपी एक करोड एकहत्तर लाख त्रियान्नब्वे हजार) बराबरको नीतिगत तथा सैद्धान्तिक बेरुजु लेखा समितिको सिफारिस बमोजिम नियमित गर्न आगामी नगरसभामा पेश गर्ने । साथै असुलउपर गर्ने र पेश्की बेरुजु फर्च्योटका लागि तत्काल प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

५ आर्थिक वर्ष २०८१।०८२ का लागि थप भएका कार्यक्रमहरुका लागि केहि शिर्षकहरु शंसोधन तथा केहि कार्यक्रमहरुका लागि विनियोजन गर्नुपर्ने गरी अनुसुचि २ मा उल्लिखित शिर्षक अनुसार बजेट शंसोधन तथा थपघट भएको शंसोधित बजेट तथा कार्यक्रम स्वीकृतका लागि सत्रौं नगरसभामा पेश गर्ने ।

६ घटना दर्ताको पुर्णता घोषणाका लागि राष्ट्रिय परिचयपत्र पञ्जिकरण बिभागमा सिफारिस गर्ने ।

७ कर्मचारीको तहबृद्धी गर्न स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा नियमावली २०८० बमोजिम सूचना प्रकाशित गरी तोकिए बमोजिमको शैक्षिक योग्यता र तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पुरा गरेका वा रितपुर्वक आवेदन दर्ता हुन आएका कर्मचारीहरुको तह बृद्धी गर्न कार्यालयलाई कार्यादेश प्रदान गर्ने ।

८ वन ऐन र फलेवास नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ पेश भई छलफल भयो । उक्त विधेयकलाई सर्वसम्मतबाट पास गरी स्वीकृतिका लागि आगामी सत्रौं नगरसभामा पेश गर्ने ।

९ फलेवास नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ पेश भई छलफल भयो । उक्त विधेयकलाई सर्वसम्मतबाट पास गरी स्वीकृतिका लागि आगामी सत्रौं नगरसभामा पेश गर्ने ।

१० निर्माणाधिन प्रशासकीय भवनको निर्माणकाय निरन्तर अगाडी बढिरहेकोमा निर्माण सामाग्रिको अभाव, यातायात तथा ढुवानीमा परेको समस्या, बाढीपहिरो लगायत बिभिन्न प्राविधिक कारणले निर्धारित समयमा सम्पन्न हुन नसकेका कारण सम्बन्धित निर्माण व्यवसायीको माग निवेदनका आधारमा २०८२ असोज २० गतेसम्म म्याद थप गरी कार्य सम्पन्न गर्न लगाई नियमानुसार भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने ।

११ फलेवास नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८२।०२।१८ र २०८२।०३।०४ गतेको बैठकको निर्णय अनुमोदन गरी चालु आर्थिक वर्षको माशुमा आत्मनिर्भर र आयआर्जनका लागि बाखा पालन कार्यक्रम अन्तर्गत छनोट भएका किसानहरुलाई उक्त कार्यक्रमका लागि प्रति किसान अधिकतम ८० प्रतिशत वा जनहि १२ हजारका दरले नबढ्नेगरी नगरपालिकाले साझेदारी गरी कार्यक्रम अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।